घरपफोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ५५औं बैठकको निर्णयहरु**

मिति २०८२।८।२९

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८२।०७।२५ गते बसेको यस गाउँ कार्यपालिकाको ५४ बैठकको निर्णय कार्यान्वयनको समिक्षा गर्दा तुरुन्तै कार्यान्वयन हुने खालका निर्णयहरुको कार्यप्रगति सन्तोषजनक रहेको पाईयो । मार्फाको साझेदारी कार्यक्रम अन्तर्गतको सडक बत्ती व्यवस्थापन गर्ने सम्बन्धी योजना, वडाहरुमा रहेका सीसीटिभीहरुको मर्मत सम्बन्धी निर्णय, जनहित मा.वि.को शौचालय सम्बन्धमा स्थलगत निरिक्षण गरी निर्णय लिने सम्बन्धी र ललितकला प्रतिष्ठान सम्बन्धी निर्णयहरु कार्यान्वयनको चरणमा रहेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

मर्मत संभार सम्बन्धमा ।

क) जोमसोम बजारमा जडान भएको सीसीटिभी मर्मत सम्बन्धी ।

ख) गाउँपालिका भवनको रङरोगन र Block बिचको Waterproofing गर्ने सम्बन्धी ।

**निर्णय नं. २ :-**

यस घरपफोङ गाउँपालिका अन्तर्गत जोमसोम र पुथाङमा जडान भई जिल्ला प्रहरी कार्यालयमा कन्ट्रोल रहेका सीसीटिभीहरु बिग्रिएकोले मर्मत गर्नु पर्ने भएको र गाउँपालिकाको कार्यालय भवनको block बिचमा waterppfoofing र भित्ताहरुमा रङरोगन गर्नु पर्ने भएकोले तपसिल बमोजिम प्राविधिकबाट पेश भएको लागत बमोजिम मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | कार्यक्रमको विवरण | प्राविधिक लागत रकम रु. | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | जोमसोम र पुथाङमा जडान भएको सीसीटिभी मर्मत गर्ने | रु.२,४१,०८०।- | परामर्श तथा अन्य सेवा शुल्क | |
| २ | गाउँपालिकाको कार्यालय भवनको block बिचमा waterppfoofing र रंगरोगन गर्ने कार्य | रु.३,५२,६५३।४० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | |

**प्रस्ताव नं. ३ :-**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस गाउँपालिकाका बजार उन्मुख २ नं. वडा अन्तर्गत मार्फा, ३ नं. वडा अन्तर्गत पुथाङ र ४ नं. वडा अन्तर्गत जोमसोम लगायत ठिनी, ढुम्बा, स्याङ, छैरो, चिमाङ गाउँहरु समेत पर्यटन उन्मुख गाउँहरु रहेको हुंदा फोहर व्यवस्थापनमा समस्या देखिएकोले गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय, पोखराको **<u>"मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम"</u>** का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८२।०८।२७ गते दोश्रो पटक प्रकाशित सूचना बमोजिम जोमसोम र मार्फा दुई स्थानमा रहेने गरी दुई वटा व्यवस्थित/वैज्ञानिक **<u>फोहर संकलन तथा व्यवस्थापन केन्द्र</u>**को स्थापना गर्ने सम्बन्धी प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

फोहर संकलन तथा व्यवस्थापन केन्द्रको भवन निर्माण, आवश्यक मेसिनहरु समेत व्यवस्थापन गर्नु पर्ने भएको हुँदा करिब कुल रकम रु.१,२०,००,०००।- को प्रस्ताव पेश गर्ने र कुल रकमको २५% ले हुने रकम रु.३०,००,०००।- यस घरपझोङ गाउँपालिकाको सहभागिता रहने प्रतिबद्धता दिने सर्वसम्मत निर्णय गरियो । साथै यस गाउँपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७९ को दफा नं.२१ बमोजिमको फोहरमैला व्यवस्थापन समितिलाई, मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन समितिको जिम्मेवारी दिने र यस कार्यालयका सूचना प्रविधि अधिकृत श्री सुजिता थकालीलाई सम्पर्क व्यक्ति तोक्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ४ :-</u>**

बेलीबृजको छैरो तर्फको पहुँच मार्ग निर्माणमा खर्च भएको रु.५२,९५०।- भुक्तानी सम्बन्धमा ।

**<u>निर्णय नं. ४ :-</u>**

यस गाउँपालिकाको १ नं. वडा छैरो जोड्ने छैरो-मार्फा कालीगण्डकी बेलीबृज निर्माण सम्पन्न भई सवारी साधन सुचारु गर्न बेलिबृज देखि छैरो र चिमाङ गाउँ तर्फ जाने बाटो सम्याउनका लागि प्रयोग भएको डोजर र ट्रक्याक्टरको खर्च रु.५२,९५०।- आवश्यकतामा आधारित अन्य पूर्वाधार निर्माण शिर्षकबाट खर्च लेखी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ५ :-</u>**

वर्षातको कारणबाट बाटोमा पुगेको क्षतिको मर्मत संभार सम्बन्धमा ।

क) मार्फा फार्म खोला बाटो मर्मतको लागि २२ घण्टा डोजर प्रयोग गरेको सम्बन्धमा ।

ख) ठिनी बाटो मर्मतको लागि १६ घण्टा डोजर प्रयोग गरेको सम्बन्धमा ।

ग) चिमाङ गोरेटो बाटो मर्मत सम्बन्धमा ।

**<u>निर्णय नं. ५ :-</u>**

यस वर्षको भारी बर्षाका कारण तपसिल बमोजिमका स्थानहरुमा क्षति पुगेकोले डोजर लगाई मर्मत संभार र संरक्षण गर्ने कार्य भएको र चिमाङको गोरेटो बाटो भत्तकिएकोले मर्मत गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिम सम्पन्न भएका कामको भुक्तानी दिने र गोरेटो बाटो मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल :-</u>**

| क्र.सं. | कार्यक्रमको विवरण | बिल रकम रु./प्रा.ल.ई | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | मार्फा फार्मखोला बाटो मर्मतको लागि २२ घण्टा backhoe loader ( डोजर)ले काम गरेको | रु.७७,०१६।२८ | विपद व्यवस्थापन कोष | |
| २ | ठिनी बाटो मर्मतको लागि १६ घण्टा | रु.५६,०११।८४ | विपद व्यवस्थापन कोष | |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | backhoe loader (डोजर)ले काम गरेको | | | |
| ३ | चिमाङ गोरेटो बाटो मर्मत | रु. ८५,५३७८१ | आवश्यकतामा आधारित अन्य पूर्वाधार निर्माण | |

**प्रस्ताव नं. ६ :-**

NWASH तर्फको खानेपानी सम्बन्धी तथ्याङ्क बारे र खानेपानी योजनाहरुको प्राथमिकिकरण सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँपालिकाको खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको विकास तथा व्यवस्थापनको लागि NWASH-APPS मा खानेपानी तथा सरसफाई सम्बन्धी तथ्याङ्क प्रविष्ट गर्ने कार्य सम्पन्न भई गाउँपालिकाको हालको खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको अवस्था बारेमा जानकारी भयो । NWASH-APPS मा प्रविष्ट गरिएका खानेपानी योजनाहरुलाई तपसिल बमोजिम प्राथमिकिकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

**१) मुख्य खानेपानी आयोजना तथा योजनाहरु**

| सि.नं. | खानेपानी योजनाको नाम | वडा नं. | Pipeline | घरधुरी | प्राथमिकिकरण |
|---|---|---|---|---|---|
| १ | जोमसोम खानेपानी आयोजना | ४ | Gravity pipe system | २२० | २ |
| २ | ठिनी खानेपानी आयोजना | ५ | Gravity pipe system | १०३ | ४ |
| ३ | ढुम्बा खानेपानी योजना | ५ | Gravity pipe system | ३० | ७ |
| ४ | सम्ले खानेपानी योजना | ५ | Gravity pipe system | ९ | ८ |
| ५ | स्याङ खानेपानी आयोजना | ३ | Gravity pipe system | १७१ | ३ |
| ६ | पुथाङ खानेपानी योजना | ३ | Gravity pipe system | ७७ | ५ |
| ७ | मार्फा खानेपानी योजना | २ | Gravity pipe system | १५८ | १ |
| ८ | चिमाङ खानेपानी योजना | १ | Gravity pipe system | २९ | ९ |
| ९ | छैरो खानेपानी योजना | १ | Gravity pipe system | ५७ | ६ |

**२) विद्यालयहरुको विवरण**

| सि.नं. | विद्यालयको पुरा नाम | वडा नं. | विद्यालयको किसिम | विद्यालयको तह | प्राथमिकिकरण |
|---|---|---|---|---|---|
| १ | Shree Saraswati english school, chhairo-1 | १ | संस्थागत (निजि) | बाल शिक्षा | ८ |
| २ | Shree Chhairo basic school, Gharapjhong-1, Mustang | १ | सामुदायिक विद्यालय | आधारभुत तह (१ देखि ८) | ७ |
| ३ | Shree Nilgiri basic school, Gharapjhong-1, chimang, Mustang | १ | सामुदायिक विद्यालय | बाल शिक्षा | १० |
| ४ | Shree Janabal secondary school, Gharapjhong-2, Marpha, Mustang | २ | सामुदायिक विद्यालय | द्वितीय तह/मा.वि (८ देखि १२) | १ |

निर्णय प्रमाणित ।

०८२।०८।२९

वेदहरि अधिकारी

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | Shree Namuna basic school, Gharapjhong-3, airport | ३ | सामुदायिक विद्यालय | बाल शिक्षा | ६ |
| ६ | Shree Jankalyan basic school, Gharapjhong-3, Syang, Mustang | ३ | सामुदायिक विद्यालय | आधारभुत तह (१ देखि ८) | ४ |
| ७ | Shree Dhumba basic school, Dhumba, Mustang | ५ | सामुदायिक विद्यालय | बाल शिक्षा | ८ |
| ८ | Shree Mukti Namuna basic school, Thini, Mustang | ५ | सामुदायिक विद्यालय | आधारभुत तह (१ देखि ८) | ५ |
| ९ | Shree Janahit secondary school, Jomsom, Mustang | ४ | सामुदायिक विद्यालय | द्वितीय तह/मा.वि (८ देखि १२) | २ |
| १० | Shree Dhaulagiri boarding school | ४ | संस्थागत (निजि) | द्वितीय तह/मा.वि (८ देखि १२) | ३ |

## ३) स्वास्थ्य संस्थाहरुको विवरण

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | वडा नं. | प्राथमिकिकरण |
|---|---|---|---|
| १ | Chimang basic health service center, Gharapjhong-1, Chimang, Mustang | १ | ५ |
| २ | Marpha health post, Gharapjhong-2, Marpha, Mustang | २ | २ |
| ३ | Syang basic health service center Gharapjhong-3, Syang, Mustang | ३ | ४ |
| ४ | Jomsom health post, Gharapjhong-5, Thini, Mustang | ५ | ३ |
| ५ | Province hospital, Gharapjhong-4, Jomsom, Mustang | ४ | १ |

## ४) Left out tap सम्बन्धी विवरण

| S.No | Project code | Project Name | Settlement name | Ward no. | Priority |
|---|---|---|---|---|---|
| 1 | 40302004 | Dhumba khanepani yojana | dhumba | 5 | 3 |
| 2 | 40302006 | Syang khanepani ayojana | Syang | 3 | 2 |
| 3 | 40302008 | Marpha khanepani yojana | Marpha | 2 | 1 |

## ५) सार्वजनिक शौचालय सम्बन्धी विवरण

| सि.नं. | सार्वजनिक शौचालयको विवरण | वडा नं. | प्राथमिकिकरण |
|---|---|---|---|
| १ | Puthang, Jomsom Airport, Mustang | ३ | ३ |
| २ | Gharapjhong-2, Marpha, Mustang | २ | १ |
| ३ | Gharapjhong-4, Jomsom, Mustang | ४ | २ |
| ४ | Gharapjhong-4, Jomsom, Mustang | ४ | ४ |

निर्णय प्रमाणित)

०८२।०८।२९

देहाय अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ७ :-**

१, ३ र ५ नं. वडा कार्यालयहरुको शौचालय सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिका १, ३ र ५ नं. वडा कार्यालय भवनमा रहेका शौचालयहरुमा पानीको निकासामा समस्या आएको, महिला तथा पुरुष शौचालय छुट्टाछुट्टै नभएकोले समस्या उत्पन्न भएको साथै अन्य समस्या समेत रहेकोले सबै शौचालयहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ प्राविधिकबाट लागत इस्टिमेट गराई अर्को गाउँ कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

गाउँ शिक्षा समितिको निर्णय सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस घरपझोङ गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०८२।८।२९ गते बसेको बैठकको निर्णय यस बैठकमा पेश भई छलफल हुँदा यस हिमालपारीको मुस्ताङ जिल्लामा पर्ने यस घरपझोङ गाउँपालिकाको चिसो हावा पानीका कारण जाडो महिनामा कक्षाकोठामा पठनपाठन नियमित गर्न समस्या हुनेहुँदा समितिबाट पेश भएका तपसिल बमोजिमका आधारहरु निर्णय भई आएकोमा शैक्षिक सत्र २०८२ को कक्षा १ देखि ९ सम्मको बार्षिक परीक्षा यही २०८२।०९।०६ गते देखि सञ्चालन गर्न सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

क) मिति २०८२।०२।०१ गते बसेको प्र.अ. बैठकको निर्णय नं.३ मा उल्लेखित कार्यतालिका अनुसार पालिका अन्तर्गत सम्पूर्ण विद्यालयहरुले पठनपाठन पूरा भएको,

ख) शैक्षिक सत्र २०८२ को विद्यालय सञ्चालनको जम्मा दिन र पाठ्यघण्टा पूरा भएको,

ग) पालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण विद्यालयहरुको व्ववस्थापन समितिको बैठकको निर्णयले मिति २०८२।९।६ गतेबाट परीक्षा सञ्चालन गर्नको लागि सम्बन्धित निकायहरुमा अनुरोध गरेको,

घ) पालिका अन्तर्गत रहेका विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार सम्बन्धमा आवाज, सुझाव, गुनासो अभिव्यक्त गर्ने पालिका भित्रका सबै विद्यालयहरुमा गठित शिक्षक अभिभावक संघका अध्यक्षहरुको मिति २०८२।८।२६ गतेको संयुक्त बैठकको अनुरोध पत्र गाउँ कार्यपालिकाको कार्यालय समक्ष प्राप्त भएको,

ङ) शैक्षिक सत्र २०७९ सम्म बार्षिक परीक्षा मंसिर अन्तिम हप्ताबाट शुरु गरी पुष महिनाको पहिलो हप्ताभित्र सम्पन्न गर्ने अभ्यास रहेको,

च) विद्यालयमा अध्यनरत सम्पूर्ण विद्यार्थीहरुको अभिभावकहरुको समेत माथि उल्लिखित मितिमा परीक्षा सञ्चालनको लागि अनुरोध भई आएको ।

निर्णय प्रमाणित ।

०८२।०८।२१

बदहार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ :-**

बालमैत्री स्थानीय शासन सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

बालमैत्री स्थानीय शासन घोषणा सम्बन्धी मिति २०८२।८।२९ गते बसेको तयारी बैठककोको निर्णय नं. ३ बमोजिम बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को दफा १०(३)ख सँग सम्बन्धित घरधुरी सर्वेक्षणको तथ्याङ्क संकलन गर्न र बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित साथै तथ्याङ्क विश्लेषण सम्बन्धी कार्य गर्नका लागि तपसिल अनुसार पारिश्रमिक तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | विवरण | दररेट/बजेट विनियोजन | कैफियत | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | सर्वेक्षक (प्रति घरधुरी) | रु.२००।- | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ को दफा १०(३)ख सँग सम्बन्धित घरधुरी सर्वेक्षणको तथ्याङ्क संकलन गर्न र बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित दुवै वटा फारम तथा गुगल फर्म भर्ने गरी प्रति घरधुरी । | बालमैत्री स्थानीय तह घोषणा गर्न विविध तथ्याङ्क संकलन |
| २ | तथ्याङ्क विश्लेषण तथा अन्य आवश्यक सहजीकरण तथा सहयोग गर्ने कार्यको लागि | रु.१,५०,०००।- | तथ्याङ्क विश्लेषण तथा कार्यक्रम व्यवस्थापन गर्ने कार्यमा नियमानुसार खर्च गर्ने । | |

**प्रस्ताव नं. १० :-**

फोहर ढुवानीको लागि ई-रिक्सा खरिद गर्ने सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस घरपझोङ गाउँपालिका २, ३ र ४ नं. वडाहरुबाट मार्फा, स्याङ, पुथाङ र जोमसोमको फोहरमैला व्यवस्थापनको लागि फोहर संकलन केन्द्र सम्म फोहर ढुवानी गर्नका लागि गाउँपालिकाबाट वातावरणमैत्री ई-रिक्सा उपलब्ध भएको खण्डमा सवारी चालक लगायत सम्पूण व्यवस्थापनको जिम्मा सम्बन्धित वडा र गाउँले व्यहोर्ने गरी अनुरोध भएकोमा उक्त विषय उपर छलफल हुँदा हाल लाई सम्बन्धित वडा र गाउँको आवश्यकता बमोजिम फोहर ढुवानी गर्न मिल्ने ३ (तिन) वटा ई-रिक्सा खरिद गर्ने सर्वसम्मत निर्णय गरियो । साथै फोहर ढुवानी गर्न मिल्ने ३ (तिन) वटा ई-रिक्सा मध्ये २ वटा ई-रिक्सा खरिद गर्नका लागि चालु आ.ब. २०८२।८३ को फोहर मैला व्यवस्थापनको लागि विनियोजित रकमबाट रु.१०,००,०००।- खर्च लेख्ने र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय, जोमसोमलाई १ वटा ई-रिक्सा खरिदको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०८।२९

अधिकारी

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ :-**

३ नं. वडाको ग्याबिन तारजाली माग सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस गाउँपालिका ३ नं. वडा कार्यालय, स्याङको च.नं.२९३ मिति २०८२।८।२८ गतेको प्राप्त पत्र अनुसार स्याङ गाउँको पुरानो तारा खेल (धची)मा यस बर्षको अविरल बर्षा तथा ढल पानीले तारा खेल मैदानको पर्खालमा क्षति पुऱ्याएकोले उक्त पर्खाल संरक्षणको लागि २५ थान ग्याबिन बक्स तार जाली माग भएकोले स्थानीय स्तरबाट ग्याबिन भर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्ने गरी २x१x१ को २५ थान ग्यबिन तारजाली उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

राहत वितरण सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

२ नं. वडा कार्यालय, मार्फाको च.नं.३०७ मिति २०८२।८।२८ गतेको पत्रको सम्बन्धमा छलफल हुँदा मिति २०८२।८।२६ गतेको रातीको समयमा मार्फा निवासी श्री सन्तोष परियारको भेडा च्याङ्ग्रा गोठमा हिमचितुवा पसी २१ वटा भेडा च्याङ्ग्रा मारेको हुँदा निजलाई ठुलो आर्थिक क्षति पुगेको साथै निज विपन्न कृषक मध्येमा पर्ने भन्ने बुझिएकोले साथै वडाबाट समेत आर्थिक सहयोग लागि सिफारिस पत्र प्राप्त भएको हुँदा निजलाई राहत स्वरुप अन्य नागरिक सहायता कार्यक्रम शिर्षकबाट रु.४०,०००।- (चालिस हजार) राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

पूर्वाञ्चल गन्धर्व सांस्कृतिक उत्थान समाजको गन्धर्व सांस्कृतिक अभियान कार्यक्रमको लागि आर्थिक सहयोग माग सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

पूर्वाञ्चल गन्धर्व सांस्कृतिक उत्थान समाज, कचनकवल, पथरिया, झापाको प.सं च.नं.३६७/४०० मिति २०८२।७।२७ गतेको आर्थिक सहयोग सम्बन्धी पत्रको सम्बन्धमा छलफल हुँदा उक्त समाजले नेपाली मौलिक लोक बाजा र लोक संस्कृति कलाको संरक्षण र संवर्द्धनको लागि मिति २०७९।१०।२९ गते देखि पूर्व मेची देखि पश्चिम महाकाली सम्म सञ्चालन गरेको बृहत गन्दर्व सांस्कृतिक अभियान कार्यक्रमको समर्थन गर्दै विभिन्न संघ संस्थाहरुलाई सहयोग शिर्षकबाट खर्च लेख्ने गरी रु.५०,०००।- (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२।०८।२९

बेदहार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १४ :-**

कालीगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक आयोजना) लाई कार्यालय स्थापनाको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

यस घरपझोङ गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं.२९६ मिति २०८२।८।२९ गतेको प्राप्त पत्रको सम्बन्धमा छलफल हुँदा कालीगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक आयोजना) लाई कार्यालय स्थापनाको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा २०७४ साल कार्तिक २९ गते ३ नं. वडा समिति लगायत गाउँ प्रतिनिधिहरुको रोहवरमा बसेको आमभेलाले यस घरपझोङ गाउँपालिका ३ नं. वडा स्याङको धैती खोर भित्रको अन्दाजी ३ रोपनी जग्गा कालीगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक आयोजना) लाई उपलब्ध गराउने निर्णय भएको हुँदा निर्णयानुसारको जग्गा प्राप्तिको प्रक्रिया अघी बढाउनका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :-**

शुभकामना मिडिया सोलुशन प्रा.लि.को आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

शुभकामना मिडिया सोलुशन प्रा.लि.ले मुस्ताङ चिनारी सम्बन्धी श्रव्य दृश्य सामग्री निर्माणका लागि खर्चको दररेट सहित प्रस्तावना पत्र पेश गरेको हुँदा र उक्त प्रस्तावनाको विषयमा छलफल हुँदा पेश भएको प्रस्तावनामा उल्लेख भएको श्रव्य दृश्यका सामाग्रीहरु मुस्ताङ जिल्लालाई पहिचान गराउने प्रकृतिको सामाग्री रहेको हुँदा विभिन्न संघ संस्थाहरुलाई सहयोग शिर्षकबाट रु.१,००,०००।- (एक लाख) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

डिभिजन वन कार्यालयको पत्र सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

डिभिजन वन कार्यालय, जोमसोम, मुस्ताङको च.नं.८४ मिति २०८२।८।१५ गतेको क्षेत्र पहिचान गरि पठाइदिने सम्बन्धी पत्रको सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिम क्षेत्र पहिचान गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | स्थान | क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सवि कृषि फर्म तारवार | २ नं. वडा, मार्फा | वन्यजन्तु व्यवस्थापन उद्धार र मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण कार्यक्रम | |
| २ | स्याङ पक्की पुल देखि पुल्चोक जाने बाटो नदी खोला किनारामा वृक्षारोपण | ३ नं. वडा, स्याङ | नदी किनारा हरियाली प्रवर्द्धन कार्यक्रम | |
| ३ | धोरथाङ सिमसार व्यवस्थापन ( | ४ नं. वडा जोमसोम | सिमसार संरक्षण तथा | |

निर्णय प्रमाणित।
०८२/०८/२५

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | माटो बालुवा हटाउने र ताल संरक्षण) | | व्यवस्थापन कार्यक्रम | |
| ४ | गाउँपालिका भित्रका ८ वटा विद्यालयहरुमा डस्टबिन वितरण र छमाताल (छोमाछो ताल) सरसफाई तथा होर्डिङ्ग बोर्ड राख्ने | विद्यालय सबै (८ वटा)<br>छमाताल : ५ नं. वडा | प्रदुषण र फोहरमैला व्यवस्थापन कार्यक्रम | |

**प्रस्ताव नं. १७ :-**

स्थानीय नागरिकलाई विभिन्न सिपमूलक तालिम सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. १७ :-**

चालु आ.ब. २०८२।८३ को स्थानीय नागरिकहरुलाई विभिन्न सिपमूलक तालिम सञ्चालन गर्ने स्वीकृत कार्यक्रम बमोजिम यस घरपफोङ गाउँपालिकाका स्थायी स्थानीय ईच्छुक नागरिकहरुलाई ई-रिक्सा चलाउने र डोजर (एस्काभेटर) चलाउने तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । तालिम लिन ईच्छुक तपसिल बमोजिमका योग्यता पुगेका स्थानीय महिला तथा पुरुषहरुबाट ई-रिक्सा चलाउने तालिमको लागि महिलालाई विशेष प्राथमिकता हुने गरी दरखास्त आह्वान गर्नका लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने । साथै दरखास्त पेश गरेका उम्मेदवारहरुलाई चालु आ.ब. को स्वकित बार्षिक बजेटको परिधि भित्र रहेर तालिम सञ्चालन गर्ने वा तालिम सञ्चालन गर्ने रजिस्टर्ड संघसंस्था सँग सम्झौता गरी तालिम सञ्चालन गर्ने गरी व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

१) उमेरको हद :- १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

२) घरपफोङ गाउँपालिकाको स्थानीय बासिन्दा हुनुपर्ने,

३) बिजुली रिक्सा चलाउन र डोजर (एस्काभेटर) चलाउनका लागि लाईसेन्स प्राप्त गर्नका लागि चाहिने न्यूनतम् शैक्षिक योग्यता,

४) तालिम लिनका लागि जिल्ला बाहिर जान समेत ईच्छुक भएको हुनु पर्नेछ ।

५) ई-रिक्साको लागि महिलालाई विशेष प्राथमिकता दिईने छ ।

**प्रस्ताव नं. १८ :-**

विभिन्न पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. १८ :-**

विभिन्न वडाहरुबाट योजना प्रस्ताव गरी पेश भएका पत्रहरुका सम्बन्धमा छलफल हुँदा त्यस्ता योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिहरु मार्फत स्वीकृतिका लागि आगमी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२।०८।२९

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत